बैठक संख्या : १८१
मिति : २०८२।०७।२१, शुक्रबार
समय : बिहानको ७:३० बजे

कमलामाई नगरपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेलको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईबा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायू | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री विनोद भट्टराई | सचिव (प्र.प्र.अ.) |

CamScanner

कमलामाई नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

सिन्धुली, बागमती प्रदेश

मिति २०८२ कार्तिक २१ गते बसेको १८१ औं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्ताव नं. १: प्रमुख अतिथि निमनन्त्रणा सम्बन्धमा ।**

**निर्णयः** २०८२ साल कार्तिक २४ गते हुन गई रहेको २५८औं सिन्धुलीगढी विजय उत्सवमा प्रमुख अतिथिको रुपमा बागमती प्रदेशका माननीय मुख्यमन्त्री श्री इन्द्र बहादुर बानियाँलाई प्रमुख अतिथिको रुपमा निमन्त्रणा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २: सिन्धुलीगढी विजय उत्सव सम्बन्धमा ।**

**निर्णयः** नेपाल एकीकरण अभियानको अनुपम घटना सिन्धुलीगढी युद्धमा गोरखाली फौजहरुले ब्रिटिस इण्डिया पक्षको कम्पनी फौजलाई पराजित गरेको एतिहांसिक घटनाको स्मरण गर्ने उद्धेश्यले कमलामाई नगरपालिकाले विगत समयदेखि नै मनाउँदै आएको “विजयोत्सव समारोह” यस वर्ष (२०८२ कार्तिक २४ गते बिहान ११:३० बजे) २५८ औं वर्षगाँठ भव्यताका साथ मनाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३: सिन्धुलीगढी महोत्सवमा आमन्त्रण / निमन्त्रणा सम्बन्धमा ।**

**निर्णयः** २५८औं सिन्धुलीगढी विजय उत्सव कार्तिक २४ गते भव्य रुपमा मनाउनका लागि नगरपालिका स्थित सामुदायिक, निजी विद्यालयहरुलाई एवं कमलामाई न.पा.-३ स्थित सिन्धुली कलाघरलाई आमन्त्रण गर्ने साथै नगरपालिका स्थित सरकारी, गैर सरकारी कार्यालय, संघ संस्था, राजनीतिक दल लगायत पत्रकारहरुलाई समेत निमन्त्रणा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: भिमानको हाटकर ठेक्का सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिकाबाट मिति २०८२/०४/१९ गते तेश्रो पटक प्रकाशित सूचना अनुसार भिमानको इनारपानीमा प्रत्येक शुक्रबार लाग्ने हाटको आ.व. २०८२/०८३ को लागि न्यासुर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ले अंकमा रु. १०,०१,०००।– लेखि अक्षरमा

CamScanner

एक लाख पचास हजार मात्र लेखिएको हुँदा सूचनाको बुँदा नं. ३ मा अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिने उल्लेख भए बमोजिम अक्षरलाई मान्यता दिंदा न्यूनतम् कबोल अंक रु. १०,००,५७७।- भन्दा कम हुने भएकाले न्यासुर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ले पेश गरेको भिमानको इनारपानीजमा प्रत्येक शुक्रबार लाग्ने हाटको अंक र अक्षरमा फरक पर्न गएकोले उक्त ठेक्का रद्ध गरी बाँकी अवधिको लागि रु. ९,००,०००।– न्यूनतम् ठेक अंक कायम गरी ७ दिनको सूचना आव्हान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५: बुका र गडौली खोला दहत्तर बहत्तर सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिकाबाट मिति २०८२/०६/०२ गतेको मूल्याङ्कन समितिको निर्णय सिफारीस अनुसार बुका गडौली खोला दहत्तर बहत्तर आ.व. २०८२/०८३ को लागि रेमण्ड कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ले ठेक अंक रु. ६,२०,०००।– (मु.अ.कर बाहेक) कबोल गरेको र कार्यालयको न्यूनतम् ठेक अंक रु. ४,७०,४५८।८० (मु.अ.कर बाहेक) भन्दा बढी कबोल गरेको अवस्थामा निजको कबोल अंक रु. ६,२०,०००।– (मु.अ.कर बाहेक) स्वीकृत गरी सम्झौता प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६: दहत्तर बहत्तर शुल्क उठाउने सम्बन्धमा ।**

**निर्णयः** कुनै IEE भएको खोला क्षेत्र ठेक्का नलागेको हकमा निकासी मागका दहत्तर बहत्तर शुल्क उठाउन वडा कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ७: नगरपालिका केन्द्र र वडा नं. ५ को कार्यालय मर्मत सम्बन्धमा ।**

**निर्णयः** मिति २०८२/५/२३ र २४ गते भएको आन्दोलनका कारणले क्षति पुगेको नगरपालिका केन्द्र प्रशासनिक भवन र वडा नं. ५ को वडा कार्यालय प्रशासनिक भवनको प्राविधिक लागत अनुमान अनुसार मर्मत सम्भार कोष तथा सार्वजनिक सम्पत्ति मर्मत सम्भार शीर्षकबाट कार्यान्वयन हुने गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८: योजना कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

**निर्णयः** आ.व. २०८२/०८३ मा संचालनका लागि नगर सभाबाट स्वीकृत कार्यक्रम तथा योजनाहरु कार्यान्वयन प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ९:	नेपाल सरकारलाई अनुरोध सम्बन्धमा ।**

**निर्णयः** २०८२ भाद्र २३ र २४ गतेको घटनामा नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा तोडफोड र आगजनी भई भवन, कागजात, सवारी साधन, उपकरण लगायतमा क्षति भएको सम्बन्धमा उक्त कार्यमा संलग्नलाई कानुन अनुसार कारवाही गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

CamScanner